नेपाल सरकार
# राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority (NCRA)
(स्थापना-२०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार
(स्थापना-२०८१)

पत्र संख्या :
चलानी नं. :

मितिः २०८२/०८/११

## बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाइ दर्ता अभिलेखीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरिवेक्षणको कार्यलाई प्रभावकारी बनाउने तथा सहकारी ऐन, २०७४को दफा२०क .बमोजिमको वर्गिकरण र सस्थाहरुको अभिलेखीकरण गरी कार्य सञ्चालन इजाजतपत्र प्रदान गर्ने प्रयोजन समेतको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणले **"बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता** अभिलेखीकरण **मापदण्ड, २०८२"** जारी गरेको व्यहोरा विदितै छ। उक्त मापदण्ड प्राधिकरणको वेभसाइट www.ncra.gov.np मार्फत हेर्न वा डाउनलोड गर्न सकिनेछ ।सोही मापदण्ड बमोजिम सहकारी संस्थाको दर्ता अभिलेखीकरण सफ्टवेयर निर्माण भई मिति २०८२/०८/१० गते सरोकारवालाको उपस्थितिमा एक समारोहका बीच अभिलेखीकरण कार्यको समुदघाटन तथा सफ्टवेयरको प्रयोग सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

अतः बचत तथा ऋणको मुख्य कारोवार गर्ने सबै सहकारी संस्थाले **"बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता** अभिलेखीकरण **मापदण्ड, २०८२"**ले निर्दिष्ट गरेका विवरणहरु देहाय बमोजिम विद्युतीय माध्यमबाट प्रविष्ट गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ।

(१) सहकारी संस्थाले प्राधिकरणको विद्युतीय प्रणाली मार्फत मापदण्डको अनुसूची-१ बमोजिमको विवरण प्रविष्ट गर्नुपर्नेछ। प्राधिकरणको वेभसाइटमा रहेको **"सहकारी दर्ता पोर्टल"** मा क्लिक गरि वा www.fcrs.ncra.gov.np मार्फत उक्त प्रणालीमा प्रवेश गर्न सकिनेछ ।उक्त पोर्टलमा रहेको Help बटनमा गइ वा वेभसाइटमा रहेको युजर म्यानुअल हेर्न सकिनेछ ।

नेपाल सरकार
# राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority (NCRA)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार (स्थापना-२०८१)

पत्र संख्या :
चलानी नं. :

(२) दर्ता अभिलेखीकरणको लागि मापदण्डको अनुसुची-२ बमोजिम देहायको बैंक खातामा जम्मा गरी सोको भौचर प्रति विद्युतीय प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

दस्तुर जम्मा गर्ने बैंक खाताको विवरणः

बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक)पुल्चोकशाखा, ललितपुर(

खाताको नामः KA-2.10.2: Rastriya Sahakari NiyamanPradhikaran Amdani Khata

खाता न .११४०१००१०२१००२०१

३) सहकारी संस्थाले प्राधिकरणले दर्ता अभिलेखीकरणका लागि आह्वान गरेको मिति (२०८२/०८/१०) बाट ६० दिनभित्र विद्युतीय प्रणालीमा आबश्यक विवरण प्रविष्ट गरिसक्नुपर्नेछ।

(४) दर्ता अभिलेखीकरण हुने सहकारी संस्थाले मापदण्डको अनुसूची-१ बमोजिम प्रविष्ट गरेको विवरण रुजुगरी प्रक्रिया पुरा भएका सहकारी संस्थालाई अनुसूची-३ बमोजिमको ढाँचामा विद्युतीय प्रणाली मार्फत सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative) जारी गर्नेछ।संस्था स्वयंले उक्त इजाजतपत्र डाउनलोड गर्न सक्नेछ ।

(५) तर संघ, प्रदेश र स्थानीय सरकारले समस्याग्रस्त घोषणा गरी कारबाहीको प्रक्रियामा रहेका सहकारी संस्थालाई दर्ता अभिलेखीकरण प्रक्रियामा समावेश गरिनेछैन।

(६) यस दफा बमोजिम संचालन इजाजत प्राप्त नगरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**सम्पर्क**

प्राधिकरणको हटलाइन नम्बरः ०१-५०१०१३१/०१-५०१०२३७
श्री संजय चौधरी, कम्प्युटर अपरेटर (सम्पर्क न.९८१११२२७६४)

२०८२/०८/११

डा. शेषनारायण पौडेल
कार्यकारी निर्देशक